# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ०९ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा परिचालन कार्यविधि २०७९

मानव बेचविखन तथा ओसारपसार कार्य नियन्त्रण ऐन २०६४ अनुसार ताँजाकोट गाउँपालिकामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण र पुनर्स्थापना गर्न समिति गठन र परिचालन गर्न बान्छनिय देखिएकोले ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को उपदफा (१) बमोजिम ताँजाकोट गाउँकार्यपालिकाले कार्यविधि, २०७९ जारी गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा परिचालन कार्यविधि २०७९" रहेको छ।

२. यो कार्यविधि तुरुन्त लागु हुनेछ।

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**बालबालिका**" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्भनुपर्छ।

(ख) "**ऐन**" भन्नाले मानव बेचविखन तथा ओसारपसार कार्य नियन्त्रण ऐन २०६४ सम्भनुपर्छ।

(ग) "**कार्यपालिका**" भन्नाले ताँजाकोट गाउँकार्यपालिका सम्भनुपर्छ।

(घ) "**अध्यक्ष**" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्भनुपर्छ।

(ङ) "**उपाध्यक्ष**" भन्नाले ताँजाकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्भनुपर्छ।

(च) "**कार्यपालिका सदस्य**" भन्नाले ताँजाकोट गाउँकार्यपालिका सदस्यलाई सम्भनुपर्छ।

(छ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले ताँजाकोट गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्भनुपर्छ।

(ज) "**पीडित**" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्भनुपर्छ।

(झ) "**समिति**" भन्नाले यस कार्यविधि अनुसार गठन भएको समिति सम्भनुपर्छ।

(ञ) "**शोषण**" भन्नाले दास तुल्याउने, बाँधा बनाउँने कार्य सम्भनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अंग भिक्ने कार्य समेतलाई जनाउँछ।

(ट) "**वडा अध्यक्ष**" भन्नाले ताँजाकोट गाउँपालिका अन्तरगतका वडाहरुका अध्यक्षलाई सम्भनुपर्दछ।

(ठ) "**वडासदस्य**" भन्नाले ताँजाकोट गाउँपालिका अन्तरगतका वडा समितिका वडा सदस्यहरुलाई सम्भनुपर्दछ।

(ड) "**सामाजिक संस्था**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्भनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ।

(ढ) "**निजी संस्था**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ।

**परिच्छेद – २**

**मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको गठन तथा काम, कर्तव्य र अधिकार**

३. **मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन** :

(१) ताँजाकोट गाउँपालिका भित्रको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण र पुर्नस्थापना गर्न मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) ताँजाकोट गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य - संयोजक

(ख) ताँजाकोट गाउँपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) कार्यपालिका सदस्य मध्ये दलित, महिला सहित कार्यपालिकाले तोकेका तीन जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख तथा प्रतिनिधि - सदस्य

(ङ) पत्रकार महासंघ हुम्ला शाखाले तोकि पठाएका ताँजाकोट गाउँपालिका क्षेत्रको पत्रकार महासंघको प्रतिनिधि - सदस्य

(च) गाउँपालिकाको अध्यक्षले तोकि पठाएका गाउँपालिका स्तरीय बाल क्लबका प्रतिनिधि बालक र बालिका दुई जना - सदस्य

(छ) मावन बेचबिखनका विरुद्ध कार्यरत गैरसरकारी संस्था प्रमुख तथा प्रतिनिधि गाउँपालिकाको अध्यक्षले तोकि पठाएको एक जना - सदस्य

(ज) प्रहरी कार्यालयका प्रतिनिधि - सदस्य

(झ) न्यायक समितिको संयोजक वा निजले तोकेको न्यायीक समितिका सदस्य एक जना - सदस्य

(ञ) गाउँपालिकाका कानूनी सल्लाकार - सदस्य

(ट) मानव बेचबिखनबाट पिडित प्रभावित वा मानव बेचबिखन विरुद्ध कार्यरत महिला एक जना - सदस्य

(ठ) अध्यक्षले तोकेको किशोरी संजालका प्रतिनिधि एक जना - सदस्य

(ड) गाउँपालिका स्वस्थ्य शाखा प्रमुख एक जना - सदस्य

(ढ) गाउँपालिका भित्रका महिला सहकारी सस्था वा निगरानी समुहका प्रतिनिधि एक जना - सदस्य

(ण) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

४. **समितिको बैठक सम्बन्धी व्यवस्था:**

(१) संयोजकले तोकेको मिति,समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) कम्तीमा तीन महिनाको एक पटक बैठक बस्नेछ। समितिको सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउँनु पर्नेछ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले अध्यक्ष संग समन्वय गरी जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक संयोजको अध्यक्षतामा बस्नेछ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) समितिको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार**ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ।

(ख) गाउँपालिकामा पुनर्स्थापना केन्द्र संचालन गर्ने सोको अनुगमन र आवश्यकता अनुसार सहयोग गर्ने ।

(ग) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गर्ने, जागरण सिर्जना गर्ने, गराउने ।

(घ) गाउँपालिका स्तरको आवश्यकता एवं माथिल्लो समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।

(ङ) गाउँपालिकामा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको संरक्षण र उद्धार गर्ने ।

(च) मानव बेचबिखन तथा ओसारपसारका विरूद्ध गाउँपालिकामा कार्यरत संघ संस्थाहरू बीच समन्वय गर्ने ।

(छ) मानव बेचबिखन तथा ओसारपसारसंग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने, गराउँने र कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन कार्यपालिका बैठक र गाउँसभामा पेश गर्ने ।

(ज) गाउँपालिकामा बेचबिखन प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने।

(झ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण विकासका साझेदार तथा जिल्ला स्तरका अन्य निकायहरु बीच समन्वय गर्ने र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने ।

(ङ) मानव बेचबिखन तथा ओसारपसारमा परेका घटनाहरुका सम्बन्धमा प्राप्त जानकारी प्राप्त गर्ने र कानूनी कारवाहीमा आवश्यक सहयोग गर्ने ।

(च) संघिय र प्रदेश स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिसंग समन्वय गरी कार्यक्रम गर्ने, गराउँने ।

(छ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि वार्षिक कार्ययोजना तयार पार्ने र कार्यपालिका र गाउँ सभमा पेश गर्ने, गराउने ।

## परिच्छेद – ३

## वडा स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. वडा स्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समितिः**

(१) वडा भित्रको मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नएक समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) वडा अध्यक्षले तोकि पठाएका वडा स्तरीय बाल क्लबका प्रतिनिधि बालक र बालिका दुई जना - सदस्य

(घ) मावन बेचबिखनका विरुद्ध कार्यरत गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधी वडा अध्यक्षले तोकि पठाएको एक जना - सदस्य

(ङ) आधारभुत स्वास्थ्य केन्द्र वा स्वयमसेवीका मध्येबाट एक जना - सदस्य

(च) किशोरी संजालका प्रतिनिधि एक जना - सदस्य

(छ) वडा अध्यक्षले तोकि पठाएको निगरानी समूहका प्रतिनिधि एक जना - सदस्य

(ज) विद्यालयका प्राधानाध्यपक वा निजले तोकि पठाएको शिक्षक एक जना - सदस्य

(झ) प्रहरी प्रतिनिधि एक जना - सदस्य

(ञ) वडा सचिव - सदस्य सचिव

**४. समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१) संयोजकले तोकेको मिति,समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) कम्तीमा दुई महिनाको एक पटक बैठक बस्नेछ। समितिको सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मानव बेचबिखन तथा ओसारपसार वडा भित्रका तथ्याङ्क र सूचना संकलन गर्ने, अद्यावधिक गर्ने।

(ख) विशेष हेरचाहा र संरक्षणको आवश्यकता भएका मानव बेचबिखन तथा ओसार पसारमा परेकाहरुको पहिचान गर्ने  सिफारिस गर्ने।

(ग) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि संरक्षण र संवर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने, गराउने।

(घ) वडा स्तरमा सञ्चालन भएका कार्यक्रमहरु गाउँपालिका स्तरीय समिति बीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउँन सहयोग गर्ने।

(ङ) वार्षिक कार्ययोजना तयार पार्ने र गाउँपालिका स्तरीय समितिमा पेश गर्ने।

(च) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन पालिका स्तरीय समिति बैठक पेश गर्ने।

**परिच्छेद – ४**

**विविध**

६. यस अघि भए गरेकामानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी काम कार्वाही यसै कार्यविधि अनुसार भएको मानिनेछ।

७. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

८. **बाधा अडकाउ फुकाउने अधिकार**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

९. **संशोधन**: यस कार्यविधिमा आवश्यकता अनुसार कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत